**ऋषिङ्ग गाउँपालिकाको आठौं गाउँसभामा उपाध्यक्ष गिनुमाया थापाद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को बजेट, नीति तथा कार्यक्रम**

गाउँ सभाका अध्यक्षज्यू,

गाउँ सभाका सदस्यज्यूहरु,

गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत राष्ट्रसेवक कर्मचारीज्यूहरु,

१. ऋषिङ्ग गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्त हर्षित छु । नेपालको युगान्तकारी परिवर्तनका लागि भएका सवै खालका आन्दोलन र संघर्षका क्रममा सहादत प्राप्त गर्नुहुने सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शहिद तथा घाइते प्रति सम्मान एवं घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । आन्दोलन र संघर्षको अगुवाई गर्नुहुने सम्पूर्ण अग्रजहरुको उच्च सम्मान गर्न चाहन्छु ।

२. नेपालको संविधानले व्यवस्था गरेको तीन तहको सरकारहरुमध्ये स्थानीय सरकारले जनतालाई सरकारको प्रत्यक्ष अनुभूति र भरोसा दिलाएको छ । आज विश्वभरी फैलिएको कोरोना भाइरस (कोभिड १९) को महामारीबाट नेपाल पनि अछुतो रहन सकेको छैन । ऋषिङ्ग गाउँपालिकामा पनि हाल सम्म ३२ जना ब्यक्तिहरु यो भाइरसबाट संक्रमित भइसकेका छन भने ३ जना निको भएर घर फर्केका छन् । यस अवसरमा म संक्रमित सम्पूर्णको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु भने थप संक्रमण हुन नदिन सवै आ-आफ्नो ठाउँमा सचेत रही सावधानी अपनाउन आग्रह गर्दछु । कोरोना संक्रमणको जोखिम न्यूनीकरण तथा रोकथामको कार्यमा अहोरात्र खट्नुहुने गाउँपालिकाका अध्यक्ष, सम्पूर्ण जनप्रतिनिधिहरु, राष्ट्रसेवक कर्मचारीहरु, सुरक्षा निकाय, राजनीतिक दल, सामाजिक अगुवा, संघ संस्था एवं सम्बद्ध सबै प्रति हार्दिक धन्यवाद एवं कृतज्ञता ब्यक्त गर्दछु ।

३. लोकतान्त्रिक मूल्य र मान्यता, नागरिक स्वतन्त्रता, मौलिक अधिकारको रक्षा एवं विधिको शासन प्रति ऋषिङ्ग गाउँपालिका सदैब प्रतिवद्ध र दृढ संकल्पित छ । नेपालको संविधानको प्रस्तावना, राज्यका निर्देशक सिद्धान्त, दायित्व र नीतिहरुलाई मार्गदर्शनको रुपमा लिई प्रस्तुत बजेट, नीति तथा कार्यक्रम तर्जुमा गरेको छु ।

४. ऋषिङ्ग गाउँपालिकाको स्थापना पश्चात हामीले चौंथो वर्षको बजेट प्रस्तुत गरेका छौं । विगतमा प्रस्तुत भएका तीन वटा बजेटको संक्षिप्त प्रगति यहाँ प्रस्तुत गर्न चाहन्छु । ऋषिङ्ग गाउँपालिकाको स्थापना पश्चात स्थानीय जनताले विकासको लहर अगाडी बढेको अनुभूत गरेका छन् । सबै वडासम्म सडक सञ्जाल पुगेको छ ।झापुटार काहुँ चालिसे सडक, श्रृंगपथ सडक एवं ढुंगाडे सपाङ्गदी रुपटार सडक पीच गर्ने कार्यलाई अभियानकै रुपमा अगाडी बढाइएको छ । खानेपानीको समस्यालाई धैरै हदसम्म समाधान गरिएको छ ।

शैक्षिक पूर्वाधारहरुको विकास र विस्तार गरिएको छ । जनतालाई सहज र सुलभ ढंगले आधारभूत स्वास्थ्य सेवा पुर्याउन ३ वटा स्थानमा सामुदायिक स्वास्थ्य इकाई एवं ३ वटा ठाउँमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना गरिएको छ । गाउँपालिकाको प्रशासकीय भवन निर्माण एवं ढाक्रेखोला पक्की पुल निर्माण आगामी आर्थिक वर्षमा सम्पन्न हुनेगरी कार्य अगाडी बढाइएको छ । ऋषिङ्ग गाउँपालिकालाई खरको छानामुक्त गाउँपालिका बनाउनको लागि खरको छाना भएका घरलाई जस्तापाता अनुदान प्रदान गरिएको छ ।

५. आगामी आर्थिक वर्ष २०७७/०७८ का बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) कोभिड- १९ को न्यूनीकरण एवं रोकथाम गर्ने

(ख) विदेशबाट फर्केका युवाहरुलाई स्वरोजगार उपलब्ध गराउन कृषि, पशुविकास तथा सीपमूलक तालिम उपलब्ध गराउने

(ग) पूर्वाधारहरुको विकास र विस्तार गर्ने

(घ) गरिबी न्यूनीकरण एवं शिक्षा र सचेतना अभिवृद्धि गर्ने ।

६. अब म क्षेत्रगत रुपमा बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा स्वास्थ्य प्रणालीमा सुधार**

७. कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि क्वारेन्टाइन तथा आइसोलेसन व्यवस्थापन, मनोसामाजिक परामर्श, स्वास्थ्य सेवा तथा सुविधा प्रवर्धन एवं विस्तार र राहत व्यवस्थापनलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ ।

८. कोरोना रोगको महामारीबाट बच्न जनचेतना अभिवृद्धि गरिनेछ । यसका लागि पर्याप्त बजेटको व्यवस्था गरेको छु । ऋषिङ्ग गाउँपालिकाका स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाइ, आधारभूत स्वास्थ्य केन्द्र र महिला स्वास्थ्य स्वयंसेविकालाई कोरोना संक्रमण रोकथाम तथा नियन्त्रणका लागि उच्चतम तवरले परिचालन गरिनेछ ।

९. कोरोना रोगको महामारीबाट बच्न जनताको जीवन पद्धतिमा सुधार गर्न व्यवहार परिवर्तन, सोचाईमा सुधार लगायतका कार्यका लागि सामुदायिक संघसंस्था, सामाजिक अगुवा, शिक्षक, राजनीतिक दल, आमा समूह आदिको परिचालन गरिनेछ ।

**शिक्षा**

१०. कोरोना महामारीको कारणले शैक्षिक संस्थाहरु हालसम्म सञ्चालन हुन सकेका छैनन् । बैकल्पिक प्रणालीबाट शिक्षा प्रदान गर्ने उपयुक्त पद्धतिको खोजी र अवलम्बन गरिनेछ । यसका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक, अभिभावक एवं विद्यार्थीसँग समन्वय गरिनेछ ।

११. विगतमा शिक्षाको विकासका लागि भौतिक पूर्वाधारहरुको विकासमा जोड दिइएकोमा यस वर्षको बजेटले शैक्षिक क्रियाकलाप अभिवृद्धि, शैक्षिक वातावरणमा सुधार एवं सिकाई उपलब्धिमा सुधारमा ध्यान दिनेछ । शिक्षाको सुदृढीकरणका लागि यो वर्षबाट अध्यक्ष छात्रवृत्ति कोष स्थापना, स्थानीय पाठ्यक्रमको तयारी जस्ता नवीन कार्यक्रमहरुको सुरुवात गरिनेछ ।प्रारम्भिक बालविकास केन्द्रहरुमा अध्ययन गर्ने बालबालिकाहरुलाई कापी, कलम लगायतका शैक्षिक सामाग्रीहरु वितरण गरिनेछ । विगत वर्षहरुमा सञ्चालित कोचिङ्ग कक्षाहरुलाई निरन्तरता दिइनेछ । विद्यालय अनुगमन एवं सुपरिवेक्षणलाई अभियानकै रुपमा सञ्चालन गरिनेछ । आगामी आर्थिक वर्षमा एक विद्यालयलाई नमुना विद्यालयको रुपमा विकास गरी क्रमश: अन्य विद्यालयहरुमा समेत सो अवधारणा लागू गर्दै लगिनेछ ।

**खानेपानी तथा सरसफाई**

१२. आधारभूत खानेपानी तथा सरसफाईलाई उच्च प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु । खानेपानीको स्रोतको अभाव भएको क्षेत्रमा लिफ्टिङ्ग, बोरिङ्ग लगायतका बैकल्पिक स्रोतहरुको खोजी गरिनेछ । गाउँपालिकाको वडा नं. ७ मा सञ्चालित बोचदी धारादी खानेपानी योजना आगामी आर्थिक वर्ष सम्पन्न हुने गरी बजेटको व्यवस्था मिलाएको छु । संघीय सरकारको विशेष अनुदानबाट सञ्चालन हुने गरी सिरकोट बोरिङ्ग लिफ्टिङ्ग खानेपानी योजनाको लागि रु ५० लाख र सोलुङ्ग लिफ्टिङ्ग खानेपानी योजनाको लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

**सडक यातायात**

१३. गाउँपालिकाको केन्द्रदेखी सवै वडाहरुसम्म भरपर्दो यातायातको विकास गर्न सडक सुधार एवं स्तरोन्नतिलाई विशेष प्राथमिकता दिइनेछ ।झापुटार काहुँ चालिसे सडक, श्रृंगपथ मोटरमार्ग, ढुंगाडे सपाङ्गदी रुपटार र सुँडे दुवुङ्ग खल्डुभन्ज्याङ्ग मोटरमार्गलाई मुख्य प्राथमिकतामा राखी बजेट विनियोजन गरिनेछ । प्रदेश सरकारको समपुरक अनुदानबाट सन्चालन हुने गरी ढुंगाडे सपाङ्गदी रुपटार सडक निर्माण गर्न रु १ करोड बजेट विनियोजन गरेको छु । श्रृंगपथ मोटरमार्ग सुधार तथा स्तरोन्नतिका लागि रु २ करोड, झापुटार काहुँ चालिसे सडक सुधार तथा स्तरोन्नतिका लागि रु १ करोड र सुँडे नाजुङ्ग दुवुङ्ग खल्डुभन्ज्याङ्ग मोटरमार्ग सुधारका लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

**संस्कृति संरक्षण तथा पर्यटन प्रवर्धन**

१४. स्थानीय संस्कृति संरक्षण तथा सम्बर्धनमा समुदायको सहभागितालाई अभिवृद्धि गरिनेछ । अजम्बरी माइ मन्दिर देखी ऐतिहासिक गढीडाँडासम्म पैदलमार्ग निर्माण गरि गढीको संरक्षण तथा सम्बर्धन गरिनेछ । रानीपोखरी, दुर्गा भवानी मन्दिर, कल्याणदेवी मन्दिर, ज्यामिरेमाइ, शहिद पार्क, गढगढेश्वर मन्दिर, भिरकोटमा रहेको पुरानो कोट, दुबुङ्ग कोट एवं भ्यूटावर, ग्वासलुङ्ग भ्यूटावर, मनकामना मन्दिर, राम्जाकोटमा रहेको गुफा, पिन्सिरी झरना लगायतका ऐतिहासिक पुरातात्विक सम्पदाहरुको संरक्षण, सम्बर्धन एवं प्रचारप्रसार गरिनेछ । कौरा नाँच, सोरठी नृत्य, झ्याउरे, पञ्चेबाजा, लाखेनाच, मारुनि नाँच लगायतका

विशिष्ट साँस्कृतिक सम्पदाहरुको संरक्षण, सम्बर्धन एवं प्रचार प्रसारका लागि बिशेष पहल गरिनेछ । कालीगण्डकी नदीमा र्याफ्टिङ्ग सन्चालन गर्न आवश्यक पहल गरिनेछ ।

**कृषि तथा पशुपालन**

१५. कृषि व्यवसाय तथा पशुपालन गर्ने कृषकहरुलाई अनुदान वितरण गरी कृषि तथा पशुपालनलाई प्रवर्धन गरिनेछ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायमुखी कृषि प्रणालीतर्फ रुपान्तरण गर्नका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. कृषि तथा पशुपालनमा संलग्न कृषकहरुका लागि निशुल्क प्राविधक सहयोग उपलब्ध गराइनेछ ।

**युवा तथा खेलकुद्व**

१७. युवाहरुको सर्वाङ्गीण विकासमा योगदान पुर्याउन खेलकुद पूर्वाधारहरुको निर्माण र सुधारमा ध्यान दिइनेछ । **एक वडा एक खेलमैदानको** लक्ष्य पूरा गर्न एउटा वडामा खेलमैदान निर्माणको कार्य शुरुवात गरिनेछ । यस गाउँपालिकाको वडा नं. १ मा रहेको झापुटार रंगशालालाई क्रमिकरुपमा स्तरोन्नति गर्दै लगिनेछ ।

१८. विभिन्न युवाक्लवहरु, विद्यालयमा रहेका क्लवहरु, विद्यार्थीहरु लगायतका वर्गलाई खेलकुद सामाग्री वितरण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ । युवाहरुको व्यक्तित्व एवं नेतृत्व विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ । राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई ऋषिङ्ग कप प्रतियोगिताको रुपमा सञ्चालन गरी खेलकुद तथा खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।यस वर्षबाट गढी भिरकोट म्याराथुन सञ्चालन गरिनेछ ।

**भवन, आवास तथा वस्ती विकास**

१९. यस वर्षबाट व्यवस्थित वस्तिविकास तथा आवास निर्माणका लागि भवन निर्माण तथा नक्सापास मापदण्ड तर्जुमा गरी लागू गरिनेछ । पूर्वाधारहरु पुग्न नसकेको एवं छरिएर रहेको वस्तीलाई एकीकृत गर्ने सबालमा आवश्यक अध्ययन गरी उपयुक्त कदम चालिनेछ । ऋषिङ्ग गाउँपालिका भित्र नै आवश्यक पूर्वाधार र सेवा सुविधा विस्तार गरी ऋषिङ्गबाट भाग्न खोजेको मनलाई ऋषिङ्गमै बसौबसौं भन्ने मनोभावनाको विकास गर्न आवश्यक पहल गरिनेछ ।

**संचार तथा सूचना प्रविधि**

२०. गाउँपालिकाका सबै वडाहरुमा इन्टरनेट जडान कार्यलाई सम्पन्न गरिनेछ । गाउँपालिकाको वेभसाइट अद्यावधिक गर्दै लगिनेछ । गाउँपालिकाका प्रत्येक विद्यालयहरुमा इन्टरनेट पुर्याउन प्रदेश सरकारसँग समन्वय गरी आवश्यक पहल गरिनेछ । ऐतिहासिक, पुरातात्विक, साँस्कृतिक एवं पर्यटकीय सम्पदाहरुको

पहिचान, लगत संकलन गरी विद्युतीय अभिलेख तयार गर्न गैरसरकारी तथा सामुदायिक संस्थाहरुसँग समन्वय गरिनेछ ।

**वातावरण संरक्षण**

२१. वातवरणीय स्वच्छता अभिवृद्धिका लागि सामुदायिक तथा गैरसरकारी संस्था एवं सामुदायिक वन उपभोक्ता समितिसँग समन्वय गरिनेछ । वन कार्यालयसँग समन्वय गरी वृक्षारोपण कार्यलाई निरन्तरता दिइनेछ । पचास प्रतिशत अनुदानमा सुन्तला र कागती खेती कार्यक्रम सञ्चालन गरिनेछ । झापुटार क्षेत्र र श्रृंगपथ **क्षेत्रमा एक घर एक गमलामा विरुवा**को अवधारणा लागू गरी हरित ग्रामको विकास गर्दै लगिनेछ ।

२२. फोहोरमैला व्यवस्थापनका लागि आवश्यक पूर्वाधारहरुको विकास गर्दै लगिनेछ । यसमा समुदायको सहभागितालाई प्राथमिकता दिइ कार्यक्रम सञ्चालन गरिनेछ ।

**उद्योग**

२३. उद्योगको विकास तथा विस्तारका लागि यस गाउँपालिकाको पिपलटारमा औद्योगिक ग्राम स्थापना गर्ने कार्य चालु आर्थिक वर्षमै शुरुवात गरिनेछ । संघीय सरकार र प्रदेश सरकारको सहयोगमा औद्योगिक ग्राम स्थापनाको कार्यलाई अघि बढाइनेछ ।

२४. स्थानीयस्तरमा रहेका स-साना स्केलमा सञ्चालन हुने परम्परागत कला र सीपको प्रवर्धन गरी घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ । उद्योग सञ्चालन गर्न चाहने उद्यमीलाई गाउँपालिकाबाट सुविधा तथा सहुलियत प्रदान गरिनेछ ।

**विपद् व्यवस्थापन**

२५. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था गरको छु । विपद् व्यवस्थापन समितिहरुलाई यस कार्यमा क्रियाशिल तुल्याइनेछ । विपद् जोखिमको आँकलन गरी त्यसको न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक सामाग्रीहरुको भण्डारण र क्षमता अभिवृद्धमा विशेष ध्यान पुर्याइनेछ । भू-संरक्षण तथा जोखिम नियन्त्रणको लागि तारजाली एवं ह्युम पाइप खरिद कार्यलाई निरन्तरता दिइ जोखिमयुक्त क्षेत्रमा वृक्षारोपण गरिनेछ ।

**सुशासन तथा सार्वजनिक सेवा प्रवाह**

२६. ऋषिङ्ग गाउँपालिकाबाट प्रदान गरिने दैनन्दिनि सेवाप्रवाहलाई छिटो, छरितो र प्रभावकारी तुल्याउन कर्मचारीहरुलाई अभिप्रेरित गर्दै कार्यप्रणाली र कार्यप्रक्रियामा सुधार गर्दै लगिनेछ । कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था मिलाइनेछ ।

२७. सार्वजनिक सुनावाई, सामाजिक परिक्षण लगायतका सुशासनका संयन्त्रहरुको प्रयोग गरी प्रशासकीय सेवामा चुस्तता, दक्षता र जनउत्तरदायित्वको सुनिश्चितता गरिनेछ ।

२८. जनप्रतिनिधि र कर्मचारीहरुबीचको सुसम्बन्धमा जोड दिई सेवा प्रवाहमा नियमितता, कार्यदक्षता र प्रभावकारिता हासिल गरिनेछ ।

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०७७/०७८ को बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२९. आर्थिक वर्ष २०७७/०७८ मा जम्मा  ५९ करोड ९७ लाख २० हजार ३ सय ४० रुपैंयाको बजेट प्रस्तुत गरेको छ । प्रस्तुत बजेटमध्ये  नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदानबाट ९ करोड ९८ लाख, नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट रु २० करोड ८५ लाख र नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदानबाट रु १ करोड ब्यहोरिनेछ । प्रस्तुत बजेटमा गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदानबाट रु १ करोड २३ लाख ८४ हजार, गण्डकी प्रदेश सरकारबाट राजश्व बाँडफाँड वापत प्राप्त हुने रु ४२ लाख ४ हजार र गण्डकी प्रदेश सरकारबाट समपुरक अनुदान बापत प्राप्त हुने रु १ करोड समावेश गरेको छु । प्रस्तुत बजेट मध्ये नपुग हुन जाने रु १७ करोड मध्ये ऋषिङ्ग गाउँपालिकाको सञ्चित कोषमा खर्च नभई बाँकी रहेको बजेटबापत जम्मा हुने रु ८ करोड, ऋषिङ्ग गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को आन्तरिक आम्दानी रु १ करोड र नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता वितरणका लागि प्राप्त हुने रु ८ करोड बजेट अनुमान गरेको छु ।

३०. अन्त्यमा, प्रस्तुत बजेट तयारीको सिलसिलमा अहोरात्र खटनुहुने गाउँसभाका अध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु, विषयगत समितिका सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु । प्रस्तुत बजेटको कार्यान्वयनमा पनि विगतमा झैं सम्बद्ध सबैको सहयोग रहनेछ भन्ने विश्वास लिन चाहन्छु ।

**ऋषिङ्ग र ऋषिङ्गबासीको जय होस । धन्यवाद ।**